नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोनः ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मितिः २०७९/०२/१६गते ।

**प्रेस विज्ञप्ती- ९६**

## "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

जिल्ला रामेछाप सुनापाती गा.पा. वडा नं. ५ स्थायी वतन भई हाल जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. ८, लिवाली बस्ने कृष्णभक्त मानन्धरले मिति २०७७।०८।१८ मा एनआइसी एसिया र माछापुच्छ्रे बैंक लिमिटेडमा रहेको निजको खाताहरुबाट रकम भुक्तान हुने भनी उक्त वैंक खाताहरुमा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा मिति २०७८।०९।०२ मा फैसला गर्दै प्रतिवादी कृष्णभक्त मानन्धरलाई वैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा ३ (तीन) दिन कैद र रु. ९,५०,०००/- (नौं लाख पचास हजार रुपैंया) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निज प्रतिवादीलाई मिति २०७९/०२/१६ गते जिल्ला काभ्रेपलाञ्चोक, वनेपा न.पा. वडा नं. १, नालाबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित भक्तपुर जिल्ला अदालतमा पेश गरेको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **नाम:** | कृष्णभक्त मानन्धर |
| **उमेर:** | ४६ वर्ष |
| **ठेगाना:** | जिल्ला रामेछाप सुनापाती गा.पा. वडा नं. ५ स्थायी वतन भई हाल जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. ८, लिवाली । |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | ३ (तीन) दिन कैद र रु. ९,५०,०००/- जरिवाना |
| **फैसला मिति:** | २०७८/०९/०२ |
| **पक्राउ मिति:** | २०७९/०२/१६ |
| **पक्राउ स्थान:** | जिल्ला काभ्रेपलाञ्चोक, वनेपा न.पा. वडा नं. १, नाला । |



उप निर्देशक
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर: ९८५१८१३३४
मिति २०७९/०२/१६ गते ।